नेपाल सरकार
# कानून न्याय तथा संसदीय मामिला मन्त्रालय
माननीय मन्त्रीज्यूको निजी सचिवालय
सिंहदरवार, काठमाडौं

प.सं. :
च.नं. :

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला
मन्त्रीको निजी सचिवालय
सिंहदरवार, काठमाडौं

आज ३० अगस्ट, जबर्जस्ती बेपत्ता पारिएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवसको अवसरमा नेपाल सरकार सशस्त्र द्वन्द्वमा जबर्जस्ती बेपत्ता पारिएका व्यक्तिहरुको स्मरण गर्दै सशस्त्र द्वन्द्वको क्रममा जबर्जस्ती बेपत्ता पारिएका व्यक्तिका परिवारलाई न्याय दिलाउने आफ्नो प्रतिबद्धता पुन: दोहोऱ्याउन चाहन्छ ।

नेपाल सरकार जबर्जस्ती बेपत्ता पार्ने कार्य लगायतका मानवअधिकार गम्भीर उल्लङ्घनका घटनाका सबै पीडित र तिनका परिवारहरूको साथमा रहेको छ । बेपत्ता पारिएका व्यक्तिका परिवारलाई के भएको थियो भन्ने सत्यता थाहा पाउने हक, न्यायको हक र परिपूरणको हक सुनिश्चित गर्न भर्खरै सरकारले संघीय संसदमा विधेयक प्रस्तुत गरी उक्त विधेयकमा हिजो मात्र व्यापक छलफल भै सो विधेयकमा संशोधन प्रस्ताव राख्न ७२ घण्टाको समय सुरु भएको छ र संसदको यसै अधिवेशनबाट यो विधेयक पारित भै पीडितहरुको माग अनुसार चाडै एक विश्वसनीय र भरपर्दो आयोग गठन हुने कुरामा सरकार विश्वस्त रहेको छ ।

प्रस्तुत विधेयकले मुख्यरुपमा जबर्जस्ती बेपत्ता पारिएको ब्यक्ति र निजको परिवारका सदस्यलाई प्रष्टरुपमा पीडितको परिभाषामा समावेश गरिएको, जबर्जस्ती व्यक्ति बेपत्ता पार्ने कार्यलाई मानव अधिकारको गम्भीर उल्लङ्घन अन्तर्गत राखी त्यस्तो घटनामा मेलमिलाप र क्षमादान दिन नसकिने कानूनी व्यवस्था प्रस्ताव गरिएको, परिपूरणलाई पीडितको अधिकारको रुपमा सुनिश्चित गरिएको छ भने बेपत्ता पारिएको ब्यक्तिको परिवारका सदस्यले सम्पत्ति हस्तान्तरण र भोग चलनमा भोग्नु भएको समस्यालाई संवोधन गरेको छ ।

अन्त्यमा, सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिनु भएका ब्यक्तिहरुको पुनः स्मरण गर्दै उहाँहरुले राष्ट्रहित, लोकतन्त्र र मुलुकको अग्रगामी परिवर्तनका लागि गर्नु भएको त्याग र वलिदानको लागि सम्मान व्यक्त गर्न चाहन्छु ।
धन्यवाद ।

..........................
मन्त्री
गोविन्द प्रसाद शर्मा कोइराला